बैठक संख्या: १४

आज मिति २०८३ साल जेष्ठ १२ गते मंगलबार रुरुक्षेत्र गाउँपालिका अध्यक्ष श्री यदु ज्ञवालीज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठकमा निम्न प्रस्तावमा छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

समय: दिनको १:०० बजे

स्थान: कार्यपालिका बैठक कक्ष

उपस्थिति:

| क्र.सं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री यदु ज्ञवाली | |
| २. | उपाध्यक्ष | श्री मिना देवी गौतम | |
| ३. | सदस्य | श्री नवराज वि.के. | |
| ४. | सदस्य | श्री घनश्याम अर्याल | |
| ५. | सदस्य | श्री शेषनारायण पौडेल | |
| ६. | सदस्य | श्री मोती प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री हरि प्रसाद ज्ञवाली | |
| ८. | सदस्य | श्री रोमनाथ पौड्याल | |
| ९. | सदस्य | श्री लक्ष्मी भट्टराई | |
| १०. | सदस्य | श्री हरिकला वराल क्षेत्री | |
| ११. | सदस्य | श्री राजकुमारी शाही | |
| १२. | सदस्य | श्री बुद्धिमती लामिछाने | |
| १३. | सदस्य | श्री दुर्गा विश्वकर्मा | |
| १४. | सदस्य | श्री मिना कुमारी नेपाली | |
| १५. | सचिव | श्री दिनेश ज्ञवाली (प्र.प्र.अ.) | |

बैठक संचालन सहयोगी

शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख श्री कमल लम्साल

ना.सु. श्री राम प्रसाद ज्ञवाली

ना.सु. श्री ज्ञानेन्द्र वि.क.

श्री मदन पौड्याल

श्री इन्दिरा ज्ञवाली (का.स.)

**मिती २०८३ जेष्ठ १२ गते बस्ने गाउँ कार्यपालिका बैठकका एजेन्डाहरु**

१. आगामी आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा सम्बन्धमा ।
२. गाउँ सभा आव्हान सम्बन्धमा ।
३. विपन्न नागरिकहरुलाइ औषधी उपचार खर्च उपलब्ध गराउने सम्बन्धमा ।
४. कार्यविधिहरु सम्बन्धमा ।
५. रिडि धरमपोखरा सडकको छेउमा बृक्षारोपण सम्बन्धमा ।
६. नदीजन्य पदार्थ उत्खनन् को लागि तयार भएको IEE स्वीकृत गर्ने सम्बन्धमा ।
७. करार सेवामा पदपूर्ति गर्ने सम्बन्धमा ।
८. बजेट व्यवस्था सम्बन्धमा।
९. समिति गठन सम्बन्धमा ।
१०. आर्थिक सहायता/ राहत उपलब्ध गराउने सम्बन्धमा ।

## मिति २०८२ जेष्ठ १२ गतेको चौधौ गाउँ कार्यपालिका बैठकका निर्णयहरु:

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १. | आ.व. २०८३/०८४ को निति तथा कार्यक्रम तर्जुमाको लागि विषयगत समिति तथा शाखाहरुले विभिन्न कार्यक्रममा प्राप्त सुझाव, निति तथा कार्यक्रमहरुको समिक्षा तथा उपलब्धी लगायतका विषयमा गहन छलफल गरी २०८३ जेष्ठ मसान्त भित्र निति तथा कार्यक्रमहरुको सिफारिस गर्ने ।साथै वडा कार्यालयहरुले गाउँपालिकाको आवधिक योजना, मध्यमकालिन खर्च संरचना, दिगो विकासका सूचकहरु, विगत बर्षहरु देखी अधुरा र अपुरा रहेका आयोजना, संरक्षण गर्नुपर्ने संरचना, प्रत्येक घरधुरीमा एक घर एक धारा पुराउने गरी स्वच्छ खानेपानीको पहुँच सुनिश्चितता हुने लगायत विविध पक्षलाइ मध्यनजर गरी बस्ती स्तरका योजनाहरु छनौट गर्ने । |
| २. | गाउँसभाको २० औं अधिबेशन देहाय अनुसार आव्हान गर्ने ।<br>**देहाय:**<br>मितिः २०८३ असार ५ गते शुक्रबार<br>समयः दिनको १ बजे<br>स्थानः रुरुक्षेत्र गाउँपालिकाको सभाहल, घिउबेंसी, गुल्मी । |
| ३. | मृगौला प्रत्यारोपण, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाइ औषधिउपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ बमोजिम गाउँपालिकास्तरिय आर्थिकरुपले विपन्न नागरिकहरुलाइ औषधि उपचार सहुलियत उपलब्ध गराउने प्रयोजनको लागि सिफारिस गर्न गठित समितिको सिफारिसको आधारमा देहायका व्यक्तिलाइ मासिक रु. ५०००/- (अक्षरुपी पाँच हजार) उपलब्ध गराउने ।<br>देहायः |

| क.सं. | नाम थर | ठेगाना | रोगको किसिम | ना.प्र.नं. | लागु हुने मिति |
|---|---|---|---|---|---|
| १. | हरि प्रसाद गौतम | रुरुक्षेत्र-४ | क्यान्सर | १२२६ | २०८३ बैशाख |
| २. | भुबनेश्वर अर्याल | रुरुक्षेत्र-२ | क्यान्सर | १३८६४ | २०८३ बैशाख |
| ३. | पुनी कला पौडयाल | रुरुक्षेत्र-३ | क्यान्सर | १६२८२ | २०८३ बैशाख |

| | |
|---|---|
| ४ | एम्बुलेन्स संचालन गरी नागरिकहरुलाइ सहज र सरल तरिकाले सेवा उपलब्ध गराउन कार्यविधि निर्माण गर्नुपर्ने भएकोले सामाजिक विकास समितिले कार्यविधि तर्जुमा गरी छलफलको लागि पेश गर्ने । |
| ५. | मदन भण्डारी राजमार्ग अन्तर्गत यस गाउँपालिकाको क्षेत्र रिडी देखी धरमपोखरा र कालीगण्डकी करिडोरको रिडी देखी रुद्रवेणीसम्म सडकको छेउमा महत्वपुर्ण बोटविरुवाहरु लगाइ बृक्षारोपण गर्ने । बृक्षारोपणको लागि खाडल खन्ने कार्य गाउँपालिकाको डोजरबाट गर्ने अन्य व्यवस्थापनको लागि हुने खर्च गाउँपालिकाबाट भुक्तानी गर्ने गरी व्यापक रुपमा बृक्षारोपणको कार्य गर्ने । |
| ६. | नदीजन्य पदार्थ उत्खनन् को लागि तयार भएको IEE स्वीकृत गरी सो कार्यको रकम भुक्तानी गर्ने । |
| ७. | यस गाउँपालिकामा सूचना प्रविधि अधिकृत पदमा कार्यरत श्री केशव पौडेल सरुवा सहमतिको आधारमा गुल्मीदरबार गाउँपालिकामा हाजिर हुन गएकोले यस कार्यालयमा रिक्त सूचना प्रविधी अधिकृत करार सेवामा पदपूर्ति गर्ने । साथै यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा रिक्त रहेका हे.अ. २ जना, अ.हे.व. १ जना, अ.न.मी. ३ जना र पूर्वाधार शाखामा रिक्त अ.सब इन्जिनियर १ जनाको पदपूर्ति समेत करार सेवामा विज्ञापन गरी गर्ने । |
| ८. | क. स्वास्थ्य तर्फको विविध कार्यक्रम संचालन खर्च शिर्षकमा विनियोजित बजेटबाट देहायका कार्यक्रम संचालन गर्ने ।<br>देहायः<br>१. रक्तदान कार्यक्रम खर्च रु. ६२,०००/-<br>२. स्वर्ण विन्दु प्राशन कार्यक्रम रु. ५०,०००/-<br>ख. स्वास्थ्य तर्फको फोहोरमैला व्यवस्थापनको लागि साझेदारीमा डस्विन वितरण शिर्षकमा विनियोजित बजेटबाट ३ नं. वडा सरसफाइ उन्मुख वडा घोषणा कार्यक्रमको लागी रु. १ लाख बजेट व्यवस्था गर्ने ।<br>ग. शिक्षा तर्फ कक्षा ४ देखी ९ सम्मको पालिका स्तरिय बार्षिक परीक्षा संचालन गर्दा रकम अपुग भएकोले शैक्षिक प्रोत्साहन कार्यक्रम पालिका स्तरमा विनियोजित बजेटबाट रु. ५७ हजार भुक्तानी गर्ने । |

| | |
|---|---|
| ९. | यस गाउँपालिकामा रहेका विद्यालयहरुमा विभिन्न आधारहरु तयार गरी शिक्षा युवा तथा खेलकुद शाखाको समन्वयमा शिक्षक तथा कर्मचारीहरुको दरबन्दी मिलान गर्नको लागि अध्ययन प्रतिबेदन पेश गर्न देहाय अनुसारको समिति गठन गर्ने ।साथै बालविकास केन्द्र संचालन रहेका विद्यालयहरु सोही वडाको लिडर विद्यालयको मातहतमा रही आर्थिक तथा भौतिक कार्यहरु संचालन गर्ने ।<br>देहाय:<br>संयोजक: श्री बामदेव ज्ञवाली, प्र.अ., श्री जनबोध मा. वि.<br>सदस्य: श्री भुवनेश्वर भुसाल, प्र.अ., श्री जनज्योति मा. वि.<br>सदस्य: श्री रोहित भण्डारी, प्र.अ., श्री रिडी मा. वि.<br>सदस्य: श्री माधव प्रसाद ज्ञवाली, प्र.अ., श्री संस्कृत तथा साधारण मा. वि.<br>सदस्य: श्री चुरामणी बराल, प्र.अ., श्री ग्वादी मा. वि.<br>सदस्य: श्री तारा प्रसाद ज्ञवाली, प्र.अ., श्री राष्ट्रिय मा. वि.<br>सदस्य: श्री नारायण प्रसाद ज्ञवाली, प्र.अ., श्री ज्ञवा बलेटक्सार मा. वि. |
| १०. | देहाय अनुसार व्यक्ति तथा संस्थाहरुलाइ विपद् व्यवस्थापन कोषबाट आर्थिक सहायता/ राहत उपलब्ध गराउने ।<br>क.रुरुक्षेत्र गाउँपालिकाको वडा नं. १ मा रहेको श्री भट्कुवा आ. वि. मा चटयाङ्गको कारणले विद्यालयमा विद्युतिय संरचना, कम्प्युटर लगायतका उपकरणमा क्षति भएकोले उक्त विद्यालयलाइ विल भरपाइको आधारमा रकम भुक्तानी गर्ने ।<br>ख. चटयाङ्गको कारणले भट्कुवा लि. खानेपानी आयोजनाको प्यानल बोर्ड सेन्सर र टान्सफर्मरका लि. सेटहरुमा क्षति भएको हुँदा भट्कुवा लिफ्टिङ्ग खानेपानी उपभोक्ता समितिलाइ रु. २५ हजार रकम भुक्तानी गर्ने ।<br>ग. रुरुक्षेत्र गाउँपालिका वडा नं. ६ निवासी श्री चेत बहादुर बस्नेतले सुभाष कृषि तथा पशुपंक्षी फर्म संचालन गरी व्यवसायिकरुपमा तरकारी खेती गरिरहेकोमा मिति २०८२/१२/०२ मा आएको हावाहुरी सहितको पानीले १० वटा अस्थायी टनेल पूर्णरुपमा क्षति पुगेको र ५ वटा टनेल आंशिक रुपमा क्षति भएकोले आर्थिक सहायताको लागि निबेदन सहित आवश्यक कागजात पेश भएकोले निजलाइ रु. ५० हजार रकम भुक्तानी गर्ने ।<br>घ. विभिन्न समयमा आएको हावाहुरी सहितको पानीले रुरुक्षेत्र गाउँपालिकाको रिमुवा, साहघाट, बोटेगाउँ लगायत र भट्कुवामा चटयाङ्गका कारण विभिन्न स्थानका घरहरु लगायत अन्य संरचनामा क्षति भएकोमा सम्बन्धित व्यक्तिको निबेदन, वडा कार्यालयको सिफारिस, प्रहरी मुचुल्का लगायतका कागजातहरुको आधारमा देहाय अनुसारको राहत रकम उपलब्ध गराउने ।<br>अ. माया सुनार रुरुक्षेत्र ६, रु. २५ हजार<br>आ. चुरा बहादुर सुनार रुरुक्षेत्र ६, रु. २५ हजार<br>इ. सिता वि.क. रुरुक्षेत्र १, रु. ३० हजार<br>ई. तुल्सी सुनार रुरुक्षेत्र ६, रु. २५ हजार |